स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र 'मिसिङः केटी हराएको सूचना' को दोस्रो पोस्टर सार्वजनिक भएको छ। पोस्टरमा मुख्य पात्रहरू नाजिर हुसेन र सृष्टि श्रेष्ठलाई केही गम्भीर भावमा देखाइएको छ। यसअघि सार्वजनिक पहिलो पोस्टरमा निकै हंसमुख मुद्रामा देखिएका नाजिर र सृष्टिलाई दोस्रो पोस्टरमा फरक तरिकाबाट प्रस्तुत गरिएको छ। पोस्टरमा नाजिर र सृष्टिको पृष्ठभूमिमा 'बजारमा अनौठो परिवेशको नयाँ चलचित्र' को शीर्षक राखिएको छ।

आजको विचार...



स्थानीय... (दुई पेजमा)

दुर्गाप्रसाद अर्याल

'छक्कापञ्जा ५'ले प्रदर्शनको दुई सातामा आक्रामक कमाइ गरेको छ । वितरण कम्पनी ब्यांकटेस इन्टरटेनमेन्टले १४ दिनको कलेक्सन सार्वजनिक गरेको छ । जसअनुसार, दीपाश्री निरौला निर्देशित फिल्मले सो अवधिमा १७ करोड ६० लाख ग्रस कमाइ गरेको छ । यो कूल कमाइमा काठमाडौं टेरिटोरी र मोफसलको कमाइको हिस्सा समान रहेको वितरक मनोज राठीले जनाए । उनले तेस्रो सप्ताहन्तमा १ करोड ३० लाखदेखि डेढ करोड ग्रस सम्मको प्रक्षेपण गरिएको बताए ।



❐ वर्ष ३० ❐ अंक ९७ ❐ २०८१ कार्तिक १० गते शनिबार 26 October 2024, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# तानसेन नगर सरकार : वडामै पुगेर सेवा प्रवाह, नागरिक उत्साहित

**रामचन्द्र रायमाझी**

**पाल्पा,** कार्तिक ९/जिल्लाको तानसेन नगरपालिकाले वडामै पुगेर सेवा दिन शुरु गरेको छ । नगरपालिकाले एकीकृत घुम्ती सेवामार्फत वडामै पुगेर नागरिकलाई सेवा दिन शुरु गरेको हो ।

उसले कार्यालयको कामकाजलाई व्यवस्थित गर्दै वडा-वडामा पुगेर घुम्ती सेवामार्फत नागरिकलाई सेवा प्रवाहसँगै उनीहरुका जनगुनासाहरुलाई समेत सोही ठाउँबाट समाधान गर्ने प्रयास गरेको छ । नगरपालिकाले गत आइतबारदेखि नगरभित्रका वडामा एकीकृत घुम्ती शिविर सञ्चालन गरेको हो । नगरपालिकाबाट हुने सेवाहरु लिन केन्द्रमा पुग्न नागरिकलाई झन्झटिलो हुनुको साथै समय र खर्चिलो हुने हुँदा वडामै पुगेर सबै सेवाहरु एकै ठाउँबाट प्रवाह गर्न थालिएको नगरपालिएकाले जनाएको छ । शिविरबाट नगरपालिकाले योजना सम्झौता, व्यवसाय दर्ता/नविकरण, नक्सापास/घर कायम, जन्म, बसाईसराइँ, मृत्यु, विवाह दर्ता, सामाजिक सुरक्षा सम्बन्धी सेवा,नागरिकता सिफारिस, जेष्ठ नागरिक परिचयपत्र, अपाङ्गता परिचय पत्र वितरण, विरामी पशुपंक्षीहरुको उपचार, पशु बन्ध्याकरण,पशुजन्य औषधि वितरण, गोवर परीक्षण, पशुहरुमा रेविजविरुद्धको खोप, उन्नतजातको विउ विजन वितरण, विभिन्न अनुदानका सूचना माग गर्ने, कृषक समूह दर्ता/नविकरण, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व सेवा, गर्भवती परीक्षण, क्षयरोग परीक्षण, सुगर, प्रेसर परीक्षण लगायतका सेवा प्रदान गरिरहेको छ । पालिकाले वडा तहमै पुगेर सेवा प्रवाह गर्न थालेपछि नागरिकहरु पनि उत्साहित भएका छन् । यसरी वडाबाट नै सेवा पाउँदा अत्यन्तै खुसी लागेको बौघापोखराथोकका प्रेम सारुले बताए । उनले शारीरिक रुपमा अपाङ्गता भएकाहरुलाई घरमै पुगेर नगरपालिकाका कर्मचारीको टोलीले अपाङ्गता परिचय पत्र दिएर सहज बनाइदिएको उल्लेख गरे । आर्थिक अवस्था कमजोर भएर उपचारका लागि अस्पताल जान नसकेकी तेल्घाकी ६० वर्षीया कमला विकलाई गाउँमै आएर चेक जाँच गरी औषधि दिएपछि खुसी छन् । 'पैसा नभएर अस्पताल जान सकेकी थिइन' उनले भनिन्- 'गाउँमा नै सेवा पाउँदा सजिलो भएको छ ।' उनी जस्ता धेरैले गाउँबाटै सेवा पाएपछि उत्साहित भएका छन् । नगरपालिकाले कार्यालयबाट प्रवाह गरिने सेवा लिन पालिकाको केन्द्रमा नै आउनुपर्ने बाध्यताको अन्त्य गर्न तथा नागरिकलाई सेवा प्रदानमा सहज बनाउन शिविर अभियान सञ्चालन गरी सेवा दिन थालिएको नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताए ।

उनले भने 'पालिकामा आएर सेवा लिँदा सेवाग्राहीको समय र पैसा धेरै खर्च हुन्छ, त्यसलाई केही हदसम्म कम गर्न शिविर चलाएका हौं ।' १२ दिने एकीकृत घुम्ती शिविर बौघापोखराथोकबाट सुरु भएको हो । बन्दीपोखरा, तेल्घा, दमकडामा सेवा दिइसकिएको छ । शिविरमा सेवाग्राहीको उत्साहजनक सहभागिता रहेको उपप्रमुख प्रतीक्षा गाहा सिंजालीले बताइन् । नगरपालिकाबाट प्रवाह हुने सेवाहरुलाई समुदाय र वडास्तरमा सहजै पुऱ्याउने उद्देश्यले वार्षिक नीति तथा कार्यक्रमअन्तर्गत शिविर सञ्चालन गरिएको नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत हरिराम नागिलाले बताए । उनका अनुसार कार्तिक १४ गतेसम्म शिविर सञ्चालन हुने छ ।



## संक्षिप्त समाचार

### नदीमा डुबेर तीन बालिकाको मृत्यु



**लुम्बिनी,** कार्तिक ९/दाङको राप्ती नदीमा नुहाउने क्रममा डुबेर तीन बालिकाको मृत्यु भएको छ । लमही नगरपालिका-२ रनियाँपुरका तीन बालिकाको राप्ती नदीमा डुबेर मृत्यु भएको हो ।

लमही नगरपालिका-२ रनियाँपुरकी १२ वर्षीया झरना चौधरी, १२ वर्षीया निशा चौधरी र गढवा गाउँपालिका-४ खडकपुरकी १२ वर्षीया कृष्टी चौधरीको डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता इश्वर थापाले जानकारी दिए । कृष्टी गोरखा मोडेल सेकेण्डरी स्कुल लमहीमा कक्षा ८ मा, झरना पत्थरगढवास्थित मार्टिन एकेडेमीमा कक्षा ४ मा तथा निशा सोही विद्यालयमा कक्षा ६ मा अध्ययनरत थिइन् । *-रासस*

## जुवातासले गर्छ सर्वनाश

जुवातासको लतले,
- पारिवारिक कलह, झै-झगडा हुने गर्छ,
- सामाजिक तथा पारिवारिक वातावरण अशान्त र कोलाहलपूर्ण हुन्छ,
- सम्पत्तिको नाश र परिवारको बिचल्ली हुन सक्छ,
- सामाजिक र आर्थिक संकट उत्पन्न हुन्छ,
- पारिवारिक विखण्डनको सम्भावना बढ्छ,
- सन्ततिहरू समेत कुलतमा फस्ने सम्भावना हुन्छ,
- सामाजिक प्रतिष्ठामा आँच आउछ,

त्यसैले सम्पत्ति हारजित हुने जुवालगायतका खेल नखेलौं, परिश्रममा विश्वास गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# एक महिनापछि गुल्मीबाट पुनः उडान




**गुल्मी,** कार्तिक ९/विगत एक महिनादेखि नियमित रुपमा उडान हुन नसकेको गुल्मीको रेसुङ्गा विमानस्थलको उडान पुनः सुरु भएको छ । मौसम खराबका कारण गत असोज ४ गतेदेखि नियमित हुन नसकेको उडान शुक्रबारदेखि भने पुनः सुरु भएको हो ।

अवरुद्ध पछि पहिलो पटक बुधबार उडान भए पनि शुक्रबारदेखि भने नियमित रुपमा उडान सुरु भएको रेसुङ्गा विमानस्थलले जनाएको छ । मौसममा केही सुधार आएको भन्दै पुनःउडान सुरु गरिएको नेपाल एयरलाइन्स रेसुङ्गा विमानस्थलका स्टेशन प्रमुख सुमन थापाले बताए । चाडपर्वको समयमा लगातार उडान अवरुद्ध हुँदा नागरिकले सेवा लिन पाएका थिएनन् । विगत चार महिनादेखि गुल्मीमा हवाई उडान पटक-पटक अवरुद्ध बन्दै आएको छ । गत असारको दोस्रो सातादेखि जिल्लामा हवाई उडान प्रभावित हुँदै आएको थियो । पछिल्लो समय भदौ महिनामा केही दिन उडान भएको थियो । तर त्यस यता उडान हुन सकेको थिएन । खराब मौसमका कारण लामो समयसम्म यसरी हवाई सेवा नियमित हुन नसकेपछि यात्रु थप समस्यामा परेका थिए ।

टिकट काटेर पनि पटक-पटक विमानस्थल पुगेर घण्टौंसम्म पर्खिनुपर्ने तर अन्तिम उडान स्थगित हुँदा यात्रुले सास्ती भोग्नु परेको थियो । रेसुंगा विमानस्थलका लागि काठमाडौंबाट बिहान ६ बजेर ३० मिनेट र काठमाडौंका लागि बिहान ७ बजेर ४५ मिनेटमा उडान हुने गरेको छ ।

यात्रुको अत्यधिक चाप बढेपछि रेसुंगा विमानस्थलबाट साप्ताहिक तीन उडानको अनुमति पाएको छ । तर पछिल्लो केही समयदेखि बुधबार र शुक्रबार मात्रै उडान भइरहेको जनाइएको छ । नेपाल वायुसेवा निगमले रेसुंगादेखि काठमाडौंका लागि सात हजार तीन सय र काठमाडौंबाट सात हजार पाँच सय रुपैयाँ भाडा निर्धारण गरेको छ । जिल्लामा गत एक वर्षअघिदेखि व्यावसायिक रुपमा नियमित रुपमा हवाई उडान सुरु गरिएको हो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## तिहार र बजार भाउ

**फूल, झिलिमिली बत्ति र मिठाइको पर्व मानिने तिहार हिन्दु नेपालीहरुको घर आगनमा आइसकेको छ । व्यापारीहरुले तिहारका लागि आवश्यक पर्ने सामान बजारमा सजाइसकेका छन् । तिहारको चहलपहलले बजार पनि तातिसकेको छ । तिहारमा घर सजाउने झिलिमिली बत्ति, खाद्यन्न, फलफूल, पोसिला ड्राइ फ्रुटदेखि र कृतिम तथा सक्कली फूलका मालासम्मका व्यापार निकै ठूलो हुन्छ । आर्थिक कारोबार अत्यधिक हुन्छ । पैसा बजार प्रवेश गर्छ । तर यही मौकामा महँगी बढेको हुन्छ । यसपालिकै बजार हेरौं । भान्छाका सामग्रीको मूल्य अकासिएको छ । तिहारमा धेरै खपत हुने मैदा, पिठो र चिनीको मूल्य बढी नै छ ।**

**तिहारमा भाइमसलाको रुपमा धेरै खपत हुने किसमिस, नरिवल, छोकडा र ल्वाङ पनि महँगो भएको छ । काजु, ओखर, सुकमेल, खमना फूल र मम्फलीको मूल्य भने उस्तै छ । पुरानो स्टकमा रहेका अखाद्य र सस्तो प्रकारका मसला समेत नयाँमा मिसाएर बेच्ने गरेको पाइएको छ । तर, मूल्य भने व्यापारीहरुले उच्च दरमा लिने गरेका छन् । किनमेल बढी हुने मौका छोपेर कतिपय व्यापारी र व्यवसायीले यही बेला कृत्रिम मूल्य तोक्छन् । कतिपयले त छुटका नाममा लुट पनि गरिरहेका हुन्छन् । यही बेला राज्यका निकायहरू बजार अनुगमनमा पनि निस्कन्छन् । तर त्यसबाट मूल्य नियन्त्रण र कालोबजारी रोकिएको देखिन्न । दुई चारजना कर्मचारीका भरमा हजारौं पसलहरुको अनुगमन साध्य र सम्भव हुने कुरा पनि होइन । त्यसका लागि प्रणालीको विकास गर्नुपर्छ र वर्षैंभरि बजारको प्रत्यक्ष, अप्रत्यक्ष अनुगमन राज्यका निकायहरुबाट भइरहनुपर्छ । चाडपर्व बजार अनुगमन सघन हुनुपर्छ तर दसैं, तिहार र चाडपर्वमात्रै अनुगमनका अवसर होइनन् । खुला बजार नीतिलाई पछ्याउँदा पछ्याउँदै पनि दैनिक उपभोग्य वस्तुको मूल्यचाहिँ सरकारी नियन्त्रणभित्रै हुनुपर्छ । सरकारले सुपथ पसल पनि खोल्छ । तर ती नाममात्रैका हुन्छन् सुपथ पसल जहाँ खासै धेरै सामग्री पाइन्नन् । चाडपर्वका बेला नाममात्रैका भन्दा पनि खास व्यवस्था राज्यका तर्फबाट हुन सके उपभोक्ताको हित हुन्छ । तसर्थ यसतर्फ सरकारले गम्भीर भएर सोच्न जरुरी छ ।**

### Opinion @ Social Network

बाँच्नलाई साहस अनि हाँस्न लाई खुसी चाहिन्छ,
सबैको आँखाको नानी बन्न त कहाँ सकिन्छ र यहाँ ।
*(आशा घिमिरेको फेसबुक स्टाटस https://www.facebook.com/ghimire.aasha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# स्थानीय तह की सरकार ?




*नेपालको संविधान २०७२ अनुसार स्थानीय तह भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभा हो । गाउँपालिका एक भौगोलिक तथा शासकीय तह हो जसको कार्यकारणी अङ्ग गाउँ कार्यपालिका र व्यवस्थापकिय अङ्ग गाउँ सभा हो भने त्यस्तै गरी नगरपलिकाको पनि सोहि अनुसार नगर कार्यपालिका र नगर सभा हुने गर्दछ । जिल्ला सभाले सम्बन्धित जिल्लाका स्थानीय तहहरुबिच समन्वयको भूमिका निर्वाह गर्ने गर्दछ । स्थानीय क्षेत्रको शान्ति सुरक्षा, विकास तथा प्रशासन स्थानीय क्षेत्रकै प्रतिनिधीद्वारा सञ्चालन गर्ने सरकार स्थानीय सरकार हो तर यो सरकारको रुपमा नभएर स्थानीय तहको रुपमा कार्य गरेको देखिन्छ । यहि कारण संविधानले अधिकार सम्पन्न सहितको परिकल्पना गरेको स्थानीय सरकार सरकार जस्तो नभएर साविको गाविस जस्तै एउटा तह जस्तै देखिन्छ ।*

गाउँमै सिहदरबार भन्दै केन्द्रीकृत शक्ति प्रणलीलाई रुपान्तरण गर्ने उद्देश्यका साथ राज्यको नयाँ संरचनाको अभ्यास भएको करिव एक दशक अवधि पुरा हुन लागेको छ । विकेन्द्रीत साशन व्यवस्थाको रुपमा लिइएको स्थानीय तहको संरचना र यसको अभ्यास भएको करीव एक दशक अवधिमा जलदाबल्दा समस्या समाधानको लागि केन्द्र सरकार तर्फ नै हेर्नु पर्ने अवस्था सिर्जना भएको देखिन्छ भने संघ र स्थानीय सरकारको पुलकोरुपमा सिर्जना गरिएको प्रदेश सरकार झन् गुमनाम जस्तै देखिन्छ । एउटा उदाहरणको रुपमा केहि हप्ता अगाडि अप्रत्याशित बर्षाका कारण सिर्जना भएको समस्या र उत्पन्न जनधनको क्षतिको न्यूनिकरण, पूर्व तयारी, प्रतिकार्य र पुर्नस्थापनामा चौतर्फि केन्द्र सरकारको असफलता माथि आलोचना भयो तर कतै प्रदेश सरकार तथा स्थानीय सरकारको भूमिका माथि प्रश्न चिन्ह उत्पन्न गराएको देखिएन । की दुई सरकार राजनीति कार्यकर्ता व्यवस्थापनका लागि मात्रै सिर्जना गरिएको त होइन ? छलफलको विषय बन्यो । गाउँ घरकै सरकार मानिएको स्थानीय तह साविकै गाविसकै कार्यशैलीमा देखिन्छ । संविधानले दिएको अधिकारको प्रयोगमा खासै चासो नदेखाएका स्थानीय सरकार स्थानीय तहकै रुपमा केन्द्र सरकारले दिएको बजेटकै आधारमा योजना बाँडफाँडमा नै केन्द्रीत रहेको देखिन्छ । अधिकार र कर्तव्यको रुपमा स्थानीय सरकारको भूमिकामा रहनुपर्ने निकाय स्थानीय तहको रुपमा रहेको देखिन्छ । यहाँ स्थानीय सरकार र यससँग सम्बन्धित विविध विषयलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

नेपालको संविधान २०७२ अनुसार स्थानीय तह भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभा हो । गाउँपालिका एक भौगोलिक तथा शासकीय तह हो जसको कार्यकारणी अङ्ग गाउँ कार्यपालिका र व्यवस्थापकिय अङ्ग गाउँ सभा हो भने त्यस्तै गरी नगरपीलकाको पनि सोहि अनुसार नगर कार्यपालिका र नगर सभा हुने गर्दछ । जिल्ला सभाले सम्बन्धित जिल्लाका स्थानीय तहहरुबिच समन्वयको भूमिका निर्वाह गर्ने गर्दछ । स्थानीय क्षेत्रको शान्ति सुरक्षा, विकास तथा प्रशासन स्थानीय क्षेत्रकै प्रतिनिधीद्वारा सञ्चालन गर्ने सरकार स्थानीय सरकार हो तर यो सरकारको रुपमा नभएर स्थानीय तहको रुपमा कार्य गरेको देखिन्छ । यहि कारण संविधानले अधिकार सम्पन्न सहितको परिकल्पना गरेको स्थानीय सरकार सरकार जस्तो नभएर साविको गाविस जस्तै एउटा तह जस्तै देखिन्छ । नेपालको संविधान २०७२ ले निर्धारण गरेको राज्यको नयाँ सरचनासँगै स्थानीय सरकारको रुपमा ७ सय ५३ वटा स्थानीय तहको अभ्यास र नेपालको राज्य सञ्चालनको साशकीय स्वरुपमा रहेको देखिन्छ । आफ्नो स्थानीय क्षेत्र भित्रका जनतालाई घर आगनमै रहेर स्थानीय सरकार भएको अनुभूती दिनु यस सरकारको मुख्य उद्देश्य हो । यस तहको अभ्यासको करीब एक दशक वित्दै गर्दा यो अनुभुती दिन स्थानीय सरकार सफल देखिदैन् । केहि स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐन - २०७४ ले दिएको अधिकारमा रहेर सरकारकै भूमिकामा देखिन्छन् तर धेरै स्थानीय सरकारहरु केन्द्र सरकारले दिएको अनुदानकै आधारमा बजेटको कनिका छराई गर्दै कर्मकाण्डी कार्य गरेको देखिन्छ ।

**स्थानीय तहहरु कस्तो अवस्थामा छन् त ?**

कुहिरोमा अलमलिएको काग जस्तै नेपालका अधिकाश स्थानीय तहहरुले आफ्नो अधिकार कति भन्ने नबुझ्दै एक दशक अबवधि बेथित गर्न लागेको देखिन्छ । धेरै स्थानीय तहहरुले स्थानीय साशन व्यवस्थाको मर्म विपरीत हस्तक्षेपकारी कार्यशैली अपलम्बन गरेको देखिन्छ ।

अधिक राजनीतिकरण र हस्तक्षेपलाई बढाउँदै लगेको देखिन्छ । वित्तीय अनुसाशन भन्दा माथि उठेर खर्च गर्दै लगेका कारण बेरुजुको अंश अत्याधिक बढेको देखिन्छ । कर्मचारीलाई नियम विपरीत कार्य गर्न दवाब दिने, काम गर्न नै नसक्ने देखिन्छ । ऐन नियम पालनमा ध्यान नदिने । पुँजिगत खर्चको अवस्था विगतमा जस्तै दयनिय हुनु । स्थानीय स्रोत साधनको परिचालनमा कुनै योजना नबनाउनु, स्थानीय उत्पादन र रोजगारी सिर्जनामा ध्यान नदिनु । विभिन्न कारण देखाएर गर्नु पर्ने काम नगर्ने, नगर्नु पर्ने काम गर्नेतर्फ स्थानीय तह केन्द्रीत देखिन्छन् । अनावश्य करार नियुक्ती गर्नु, राजनीतिक प्रभावका आधारमा बजेट वितरण गर्नु, स्वेच्छाचारी रुपमा कार्य सञ्चालन गर्नुले जुन परिकल्पनाका साथ स्थानीय तह बनाईयो त्यो परिकल्पना साकार हुने अवस्था यहि अस्था रहेमा देखिदैन् । लगाम बिनाको घोडा जस्ता भएका स्थानीय तहको नियन्त्रण र निगमन नगरिएमा यी व्यवस्था असफलताका कारक बन्न सक्ने देखिन्छ ।

**स्थानीय तह के का लागि ?**

- स्थानीय स्रोत साधन परिचालन गर्न ।
- स्थानीय जन चाहना अनुरुप कार्य गर्न ।
- लोकतन्त्रको स्थानीयस्तरबाट अभ्यास र संस्थागत विकास गर्न ।
- स्थानीय परम्परागत पहिचानलाई स्थापित गर्न ।
- राजनीतिको व्यवहारीक ज्ञान स्थानीय जनतामा वृद्धि गर्न ।
- स्थानीय आवश्यकता अनुसारको योजना तय गर्न ।
- स्थानीय तहलाई जिम्मेवार र जवाफदेही बनाउन ।
- रोजगारी सिर्जना गर्न ।
- स्थानीय समस्या स्थानीय स्तरमै समाधान गर्न ।
- आफ्नो क्षेत्र भित्र शान्ती सुरक्षा कायम गर्न ।
- सुशासन र विधिको साशनको अभ्यास गर्न ।
- स्थानीय सरकारलाई उत्तरदायी, पारदर्शिता र जवाफदेहिता बनाउन् ।

**स्थानीय तहबाट स्थानीय सरकारमा रुपान्तरण हुन् के गर्ने त ?**

संविधान, विभिन्न ऐन नियममा सरकारको भूमिकाको अधिकार दिइएका स्थानीय तहहरु मध्ये काठमाडौं लगायत केहि बाहेक धेरैले आफुलाई स्थानीय सरकारको रुपमा उभ्याउन सकेको देखिदैन् ।

यहि कारण जनताले नयाँ साशन व्यवस्था र नयाँ संरचना परिवर्तनको अनुभुती पनि गर्न पाएको देखिदैन् । साविकको गाविस जस्तो अवस्थामा रहेका स्थानीय तहहरु स्थानीय सरकारमा रुपान्तरण हुन् निम्न पक्षमा ध्यान दिनुपर्ने देखिन्छ ।

- सुशाशन र विधिको साशनको पूर्ण अभ्यास गर्ने ।
- वित्तीय अनुसाशनमा विशेष जोड दिने ।
- कर मात्रै नभएर अन्य आन्तरिक आम्दानीका स्रोतहरुको खोजी गर्ने ।
- परम्परागत घरेलु उत्पादनको प्रोत्साहनका लागि योजना तय गर्ने ।
- स्थानीय स्रोत साधनको परिचालन, प्रयोगमा जोड दिने ।
- स्वरोजगार कार्यक्रममा जोड दिने ।
- सैद्धान्तिक होइन व्यवहारीक माटो सुहाउँदो योजना बनाउने ।
- आफ्नो क्षेत्र भित्रको विकासको अल्पकालिन ,दीर्घकालिन योजना तय गर्ने ।
- आफ्नो क्षेत्र भित्र शान्ति सुरक्षाको प्रत्याभूती गराउने ।
- प्राकृतिक प्रकोप लगायतको विपत्त प्रतिकार्य योजना बनाउने ।
- शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रलाई विशेष प्राथमिकतामा राख्ने ।
- आफ्नो क्षेत्र भित्रका जनताको जनस्वास्थ्यलाई प्राथमितामा राखि उपभोग्य बस्तुको गुणस्तरमा विशेष ध्यान दिने ।
- राजनीतिक हस्तक्षेप ,त्यसैका आधारमा बजेट निर्माणको अन्त्य गर्ने ।
- आफ्ना क्षेत्र भित्रका जनतालाई अभिभावकको भूमिकामा उपस्थित हुने ।

**निष्कर्ष :**

केन्द्रीकृत साशन व्यवस्थाको अन्त्य गर्दै संघीय राज्यको अभ्यास गर्ने एक आधारशिलाको रुपमा स्थानीय सरकारको परिकल्पना गरिएको हो । यो तह मात्रै नभएर सिंह दरवारको अधिकार हस्तान्तरण सहितको सरकार पनि हो । करीब एक दश यसको अभ्यासमा केहि स्थानीय तह बाहेक धेरैले आफुलाई सरकारको भूमिकामा उभ्याउन सकेको देखिदैन् ।

यहि कारण जनताले पनि घर आँगनमा सरकार भएको अनुभुती गर्न पाएको देखिदैन् । आफ्नो सेवा सुविधा थप्ने, राजनीतिक नियुक्ती, कमिसनको चक्कर र आफुलाई भुर्रे राजाको भूमिका उपस्थित गराएका जनप्रतिनिधीले आफुलाई परिवर्तन गरि जनता दैनिकी र जीवनस्तर सुधार कसरी गर्ने भन्ने पक्षमा केन्द्रीत हुन् सके पक्कै संविधानले परिकल्पना गरेको स्थानीय सरकारको मर्म र भावना अनुसार कार्य हुने कुरामा दुई मत रहँदैन् । यसो भएमा संघीयता मात्रै होइन व्यवस्था माथि उठेका विविध आशंकाको अन्त्य हुने थियो की ?

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : खानपिनले मन लोभ्याउनेछ । रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ। | **तुला** : मन मिल्ने साथीको सहयोग र हौसला मिल्नेछ। यात्राको योग रहेको छ । |
| **बृष** :नयाँ भौतिक साधनको योजना बन्ला। पारिवारिक रमाइलो समेत हुनेछ । | **बृश्चिक** : तनाव बढेको महशुस हुनेछ । स्वास्थ्य प्रति सजग रहन जरूरी छ । |
| **मिथुन** : रचनात्मक कार्यमा मन जानेछ। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । | **धनु** : कुनै न कुनै कुराले मनमा शान्ति छाउनेछ । नयाँ कार्यको योजना बन्नेछ। |
| **कर्कट** : मित्रहरूले दिएको वचन फेरिन सक्छ। फजुल खर्चले चिन्ता बढाउनेछ । | **मकर** : शुभकार्यको चर्चा चल्नेछ । सामाजिक क्षेत्रबाट मानसम्मान मिल्नेछ । |
| **सिंह** : व्यवसायको सन्दर्भमा नयाँ योजना बन्नेछ । सन्तानबाट सुख मिल्नेछ । | **कुम्भ** : पारिवारिक कार्य बोध हुनेछ । नयाँ रचना र ज्ञानमा प्रगति हुनेछ । |
| **कन्या** : धार्मिक कार्यमा सरिक हुने पाइने छ । नयाँ काम प्रस्ताव आउनेछन् । | **मिन** : काम नबन्नाले दिक्क लाग्नेछ। व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ । |

कथा ● डा. गणेशप्रसाद भट्टराई

# कथा : म मरें भने हजुर के गर्नुहुन्छ ?

*छोरीले बाबा भन्ने भएकाले ऋद्धि पनि विनायकलाई प्रायशः बाबा भनेर बोलाउँछे । उसले कहिल्यै छोरीको बिहेको कुरा गरेकी थिइन् तर आज किन हो आफैँले कुरा उठाई । "हो त ? हो भने आउँदो मंसीरमा हाम्रो बिहे भएको पनि तीस वर्ष पुग्छ । तिम्रो जन्म दिन पनि मंसीर नै हो । तिम्रो जन्मदिनमा नानीको बिहे पनि गरौं । तिम्रो जन्मदिन पनि मनाऔं । दुवैको भोज एकै चोटि गरौंला । हुन्न ?" "पैसा बचाउने कुरामा त हजुरलाई कसले सक्छ र ? साँच्चै भनेको हैं मैले ।*

"म मरें भने हजुर के गर्नुहुन्छ ?" ऋद्धिले एकदिन विनायकलाई सोधी ।

"यही प्रश्न मैले तिमीलाई सोधें भने तिमी चाहिं के गर्छौ नि !" विनायकले ऋद्धिलाई उस्तै जवाफ फर्कायो । हजुरले चाहिं अर्को बिहे गर्नुपर्छ । ऋद्धि एक्कासि गम्भीर भई । हेर्दाहेर्दै उसका आँखामा आँसु टलपलाए तर अरू केही बोलिन । निकै बेरको सन्नाटापछि विनायकले ऋद्धिलाई आफूतिर तान्यो र आँखाका कोस पुछ्दै भन्यो, "यस्ता कुरा गर्नुहुन्छ ? मर्ने कुरा हाम्रो वशमा छैन । मर्न त सँगै मर्न पाए हुन्थ्यो नि, तर मर्छु भनेर सोच्नै हुँदैन क्या । आफूले नै आफूलाई कमजोर बनाउन हुन्छ ? अब यस्ता कुरा नगरौं है हामी ।" हस् भनेर ऋद्धि विनायकका काखमा पल्टिई । विनायकले धेरै बेर ऋषिको केशराशि सुमसुम्याइरह्यो । "धत्, दिउँसोमास यस्तो गर्नहुन्छ ! अहिले नानी आइपुग्छे कलेजबाट !" ऋद्धि अलिक पर सरी र रबरले केश बाँध्दै भनी, "म चिया पकाउँछु है । आज सँगै खाने ।" "भो भो पर्दैन । बिरामी मानिस ! म पकाइहाल्छु नि !" विनायक भान्सातिर पस्यो र चिया पकाउने तरखरमा लाग्यो । "बाबा ! एउटा कुरा भन्छु ल, नरिसाउनु है । हाम्री नानीले मास्टर्स पनि सक्न लागी । यसपालि बिहे गरिदिऊँ न यसको । केटो हेरेको छ जस्तो लाग्छ मलाई । ऊसँगै पढ्ने रे । मैले फोटो हेरेको उसको जोडी मिल्ने खालको छ ।"

छोरीले बाबा भन्ने भएकाले ऋद्धि पनि विनायकलाई प्रायशः बाबा भनेर बोलाउँछे । उसले कहिल्यै छोरीको बिहेको कुरा गरेकी थिइन् तर आज किन हो आफैँले कुरा उठाई । "हो त ? हो भने आउँदो मंसीरमा हाम्रो बिहे भएको पनि तीस वर्ष पुग्छ । तिम्रो जन्म दिन पनि मंसीर नै हो । तिम्रो जन्मदिनमा नानीको बिहे पनि गरौं । तिम्रो जन्मदिन पनि मनाऔं । दुवैको भोज एकै चोटि गरौंला । हुन्न ?" "पैसा बचाउने कुरामा त हजुरलाई कसले सक्छ र ? साँच्चै भनेको हैं मैले । म नानीलाई कुरा गर्छु नि केटो बोलाएर घरमा ले भनेर !"

"ल ल हुन्छ । यी चिया लेऊ ।"

दुवै चिया खान थाले । ऋद्धि आफ्नो विगततिर फर्की । उसको बिहे बीस वर्षको उमेरमा विनायकसँग भएको हो । विनायकको परिवार सामान्य खानलाउन मात्र पुग्ने थियो । ऋद्धि बुहारी बनेर घरमा पस्दा विनायकको जिम्मेवारीमा चार जना भाइबहिनीलाई पढाउनु थियो । बाआमालाई गरीबीले सताएर होला स्वास्थ्य राम्रो थिएन । यसैले विनायकले पढाइ र कामलाई सँगै लानुपरेको थियो । बिहेपछि ऋद्धिले पनि लोग्नेलाई हर तरहले साथ दिएकी थिई । उनीहरूले सल्लाह गरेर नै एक सन्तान जन्माए । छोरीका आमाबा हुन पाउँदा दुवै खुसी भए । उनीहरूले एक सन्तान मात्र बनाउने निधो गरे तर छोरी दुई वर्षकी नहुँदै परिवार र समाजले ऋद्धिलाई छोरा जन्माउने सल्लाह दिए । ऋद्धिले यो कुरा लोग्नेलाई पनि सुनाई तर विनायकले उसलाई ठाडै खायो । फेरि यस्ता कुरा गरेमा सम्बन्ध विच्छेद गरेर एक्लै बस्छु भनेर गाली पनि गऱ्यो । बुझ्भकी लोग्नेले यति राम्रो कुरा गरिदिएपछि ऊ ढुक्क भई र दुवैले एक सन्तानलाई राम्रो शिक्षादीक्षा दिने निर्णय गरे । छोरीले बाह्र कक्षा सकेर क्याम्पस पढ्न थालेको केही दिनपछि ऋद्धिलाई आफ्नो स्तनमा केही पीडा भएको महसूस भयो । उसले लोग्नेलाई यो कुरा सुनाई । विनायकले झसङ्ग हुँदै भन्यो, "हँ, किन यस्तो कुरा पहिले नै नभनेको ? क्यान्सर पनि हुन सक्छ यो त । तिम्री दिदीको कुरा बिर्सियौ । कति खर्च गरेर बचाएको होइन ? हिँड आजै जानुपर्छ जँचाउन ।"

उनीहरू जँचाउन गए । क्यान्सर अस्पतालका डाक्टरले प्रारम्भिक जाँच गरे र भनें, "मैले यसै भन्न सकिनँ । कुन स्टेजमा छ, एक पटक राम्ररी जाँच्नुपर्छ । सुरु नै रहेछ भने त किमो गर्दा निको भइहाल्छ । हेरौं तपाईंहरूको भाग्य कस्तो छ ? यो दुईतीन कुरा जाँच्नुपर्छ । एउटा जाँच चाहिं यहाँ हुँदैन । हामी बाहिर पठाउँछौं । एक हप्तापछि आउनुहोला नि ।"

एक हप्तापछि उनीहरू अस्पताल पुगे । सबै रिपोर्ट आइसकेको रहेछ । डाक्टरले विनायकसँग एकान्तमा कुरा गर्न चाहे तर ऋद्धिले सँगै कुरा गर्दा हुन्छ भनेपछि डाक्टरले भने, "प्रयास त गर्नैपर्छ तर अलिक ढिला भएछ । यो अन्यत्र पनि फैलिएको छ । शल्यक्रिया गरेर फाल्न सकिन्छ तर पछि किमोले के गर्छ अहिले भन्न सकिने स्थिति छैन । खर्च पनि लागिहाल्छ ।"

डाक्टरको कुरा सुनेर ऋद्धि निराश भई तर विनायकले तुरुन्तै भन्यो, "धत्, निराश बन्न हुन्छ ? म छैन र ? पैसा त जसरी पनि जम्मा हुन्छ । अपरेशन गर्नुपर्छ ।"

"सल्लाह गरेर आउनुहोस् न । एकदुई दिनमा आउँदा हुन्छ । अहिले जानुहोस् । यो एउटा औषधी लेखिदिन्छु, खानुहोला । अलिक बिसेक हुन्छ ।" डाक्टरले ढाडस दिए । करीब पन्ध्र दिनपछि ऋद्धिको शल्यक्रिया भयो । शल्यक्रिया भएका दिन ऋद्धिमा एउटा आशा पलायो तर एउटा स्तन नै काटेर फाल्नुपर्दा उसलाई सारै पीर पऱ्यो । स्त्रीका लागि स्तन सन्तानलाई स्तनपान गराउने र सौन्दर्यको माध्यम मात्र नभएर अरू पनि केही हो भन्ने उसलाई थाहा थियो । लोग्ने समझदार भए पनि यो मनमुटावको विषय बन्ला भन्ने पनि उसलाई चिन्ता थपियो । पतिको माया र सहयोगमा त शंखा गर्ने ठाउँ थिएन तर उसलाई छोराको कर्म चलाउने पनि रहर थियो । उसले यसलाई आफ्नो कर्तव्य ठानेकी थिई । शरीरको घाउ केही निको भए पनि उसको मनको घाउ निको भएको थिएन । लोग्नेले अर्को बिहे गरिदिए हुन्थ्यो भन्ने उसलाई लागिरहेको थियो । विनायक चाहिं यस्तो कुरा सुन्न चाहँदैनथ्यो । मनको घाउ निको पार्न नै ऋद्धिले छोरीको बिहेको कुरा गरेकी थिई । छोरीको स्वीकृतिपछि ऋद्धि र विनायकले मंसीर १५ गते नानीको बिहे गर्ने निर्णय गरे । उसले आफैंसँग पढ्ने र परिवारको स्तर मिल्ने केटो हेरेकी रहिछ । दुवै परिवारको कुरा मिलेपछि दुवै परिवारले सँगै भोज गर्ने निर्णय पनि गरे । घरका खसीबाखा र एउटा सुर्को खेत बेचेर बिहेको जोहो भयो ।

मंसीर १५ गते छोरीको धूमधामसँग बिहे भयो । जन्ती अलिक चाँडो निस्कनुपर्ने भएकाले १ बजेतिर बेहुली अन्माइयो । बेहुली अन्माउनु पूर्व नै विनायकले ऋद्धिको जन्मदिन शास्त्रीय विधिले मनाइदिए । उनले पनि उपहार पाइन् । विनायकले जिस्काउँदै ऋद्धिको दाहिने हातको साहिंली औंलामा औंठी लाइदियो । यो देखेर बेहुलाबेहुली पनि मुस्काए । बेलुका चार बजेतिर भोजभतेर सकियो, बोलाएका सबै पाहुना आइदिए । परिवार भित्रका बाहेक अरूले आशीर्वाद दिएर फर्के । ऋद्धि पनि निकै गलिछ, आफ्नो ओच्छ्यानमा गएर पल्टी ।

एकै छिनपछि ऋद्धिले "बाबा" भनेर बोलाई । विनायक दौडँदै पुग्यो । ऋद्धिलाई अलिक गाह्रो भए जस्तो लाग्यो । घरमा अझै केही काम बाँकी नै थियो । अरूलाई काम छाडेर विनायकले मोटरसाइकल निकाल्यो र ऋद्धिलाई लिएर अस्पतालतिर लाग्यो । "ए ए ए... कस्तो कुदाएको मोटर साइकल ? मर्ने भो यो । रोक रोक ।" ट्रकको खलासीले ड्राइभरलाई सचेत त गरायो तर ड्राइभरले ब्रेक लाउन सकेन । ऋद्धि र विनायक दुवै चक्कामुनि परे । ब्रेक लाएर हेर्दा दुवैको प्राणपखेरु उडिसकेको थियो । उता विनायकको गोजीमा लगातार मोबाइलको घण्टी बजेको सुनेर खलासीले फोन उठायो । उठाउनासाथ फोनबाट आवाज आयो, "आमाबाबा, चिन्ता नगर्नु ल हामी राम्ररी घर पुग्यौं ।" फोनको आवाज सुनेर खलासी टुसुक्क बस्यो र भक्कानियो ।

*-साहित्यपोष्ट डटकम*

निबन्ध ● घनश्याम अस्तित्व

# के गाउँहरु 'स्मार्ट' बन्न सक्दैनन् ?

*चुनाव खेल हो भने यस्तो खेल हो जहाँ सबै भन्दा बढि फँट्याइ गर्नेको विजय हुन्छ । चुनाव यस्तो पनि हो कि सबै भन्दा धेरै झुट बोल्नेको जित हुन्छ । सबै भन्दा बढि प्रोपागाण्डा जसले रच्न सक्छ उसले जित्छ चुनाव ।यस्तो हो कि होइन फरक कुरा तर नेपाली राजनीतिको अभ्यासले हामीलाई यही पाठ पढाएको छ । यही कुरा सिकाएको छ । संविधान घोषणा पश्चात सम्पन्न नेपालका चुनावहरुमा झुट बोल्न सबैभन्दा बढी प्रयोग गरिएको पदावली 'स्मार्ट सिटी'हुनुपर्छ । हो पनि । तर सहरहरुको क्रुर यात्राको शृंखला निरन्तर छ । न त देखिन्छ पूर्ण बिराम न त देखिन्छ अल्प बिराम । पहिले हरेक संरचना सिध्याउने पछि निर्माणलाई चुनावको एजेण्डा बनाउने ।*

चुनावहरु आउँछन् । सहरका नामहरु निकै जपिन्छन् । पछिल्लो पटक सम्पन्न प्रतिनिधी, प्रदेस शभा र स्थानीय तहका चुनावहरुमा पनि सहरहरु खुब जपिए । सबै सहरहरुले आफ्नो नाम अगाडी धेरै बिशेषणहरु थप्न पाए । सुन्दरता थप्न प्रयोग गरिने जानेभरका विशेषणहरु बोले नेताहरु । जस्तो कि स्मार्ट, नमूना, हरित, नम्बर वन, बिश्वकै सुन्दर या वा उस्तै यस्तै यस्तै ।

चुनाव खेल हो भने यस्तो खेल हो जहाँ सबै भन्दा बढि फँट्याइ गर्नेको विजय हुन्छ । चुनाव यस्तो पनि हो कि सबै भन्दा धेरै झुट बोल्नेको जित हुन्छ । सबै भन्दा बढि प्रोपागाण्डा जसले रचन सक्छ उसले जित्छ चुनाव ।यस्तो हो कि होइन फरक कुरा तर नेपाली राजनीतिको अभ्यासले हामीलाई यही पाठ पढाएको छ । यही कुरा सिकाएको छ । संविधान घोषणा पश्चात सम्पन्न नेपालका चुनावहरुमा झुट बोल्न सबैभन्दा बढी प्रयोग गरिएको पदावली 'स्मार्ट सिटी'हुनुपर्छ । हो पनि ।तर सहरहरुको क्रुर यात्राको शृंखला निरन्तर छ । न त देखिन्छ पूर्ण बिराम न त देखिन्छ अल्प बिराम । पहिले हरेक संरचना सिध्याउने पछि निर्माणलाई चुनावको एजेण्डा बनाउने । यो श्रृंखला कहिलेसम्म निरन्तर रहिरहला ? यो देशमा देशलाई गाउँहरुले बोकिरहेका छन् । गाउँहरुको अभावको ऐनामा सहरको सम्पन्नता मुश्कुराउँछ । गाउँहरुले हरियो रङको खेति गरिरहेका छन् र, सहरका आँखाहरु उज्याला देखिन्छन् । अँध्यारोमा पनि मुश्कुराएको देखिन्छ सहर । गाउँहरुले पसिनाको नदी बगाइदिन्छन् र, सहरहरु चम्किन्छन् । गाउँहरुले चारो जम्मा गरेर सहरहरुमा पठाउँछन् र, सहरहरु बाँचेका छन् । गाउँमा दुःख छ, सबैको मनमा यही छ । गाउँमा अभाव छ, सबैले जानेका छन् । जानेका छैनन्, गाउँमा जीवन पनि छ । हरेक झुटहरुको खेती हुने चुनावहरुमा गाउँहरुरले जाबो एउटा झुट पनि सुन्न पाएनन् । कोही नेताहरु बोलनन्, अब यो गाउँलाई 'स्मार्ट भिलेज' बनाउनुपर्छ, अब त्यो गाउँलाई 'स्मार्ट भिलेज' बनाउनुपर्छ । के गाउँहरु 'स्मार्ट' बन्न सक्दैनन् ? यति झुट पनि सुन्न पाएनन् गाउँहरुले । जाबो झुट सुन्न नपाउने गाउँहरुले आफ्नो अनुहार कहिले बदल्न पाउलान् ?

गाउँहरुले यस्तो झुट सुन्न नपाउनु पछाडिको रहस्य अर्कै छ । आफैमा सुन्दर तर सुन्दरता गुमाउने जोखिममा रहेका गाउँहरु पहिले मरुभूमी हुन जरुरी देख्छन् उनीहरु । सुन्दरता बचाउने या बढाउने कोही कसैको चाँसोको विषय रहेन । गाउँहरुबाट हरियो सिध्याउनमा तल्लिन छन् उनीहरु ।

गाउँमा आजकाल सबै भन्दा बढी सडकहरु दौडिरहेछन् । सबैभन्दा बढी केही उड्छ त त्यो हुन्छ धुलो । सबै भन्दा बढी केही हिँड्छन् त ती कि ढुंगाहरु हुन्छन् कि इट्टाहरु । सबैभन्दा बढी केही खेल्छन् त यहाँ जुवा र तासहरु खेल्छन् । सबै भन्दा बढि गरिवी खाएको छ त मदिराले खाएको छ । सबै भन्दा बढि कोही रोएका छन् त रोएका छन् बुढा बाआमाका आँखाहरुले । सबैभन्दा बढी केही सुनेका छन् त कानहरुले आश्वासन सुनेका छन् । अहो ! कोही कसैको ओंठ मुश्कुराउछ त कि त्यो नेताको हुन्छ कि ठेकदारको हुन्छ गाउँमा । गाउँ दुःखी हुनुमा दोस आफ्नै छ । नेता उही एउटा र ठेकदार उही छ । कर्मचारी उही छ र भ्रष्टचारी उही छ । बोक्सी उही छ र धामी उही छ । यहाँ हरेक चलाख मान्छे दुइटा भूमिका बाँच्छ । दुईटा दिमाग बाँच्छ । दुईटा सोंच बाच्छ । दुईटा जीवन बाँच्छ । रातमा उसको जीवन फरक हुन्छ, दिनमा उसको जीवन फरक हुन्छ । मुख एउटा बाँच्छ, मन अर्को बाँच्छ । बोल्ने गर्दैन, गर्ने बोल्दैन । गाउँमा बिद्धानहरु नभएका होइनन् । बिद्धानहरु आधा सहरको छन् र आधा गाउँको छन् । गाउँमा शिक्षकहरु नभएका होइनन् । आधा स्कूलको र आधा भट्टिको छन् । गाउँमा स्कूलहरु नभएका होइनन् । स्कूलहरु आधा मसानघाट लाग्छन् र आधा मात्रै स्कूल लाग्छन् । गाउँमा नेताहरु नभएका होइनन् । आधा मात्रै नेता छन् र आधा सर्प जस्ता छन् । गाउँमा स्वास्थ्य चौकीहरु नभएका होइनन् । धेरै झर्को, रिस बाँड्छन् थोरै औषधी । गाउँमा कार्यालयहरु नभएका होइनन्, धेरै भट्टि र थोरै सेवाथलो बनेका छन् । गाउँमा कर्मचारीहरु नभएका होइनन् । कर्मचारीहरु धेरै दामसंग र थोरै कामसंग खेल्छन् ।

गाउँमा छैन त के पो छैन र ! यहाँ सडकहरु बनिरहेका छन् । विकास भन्नु सडक विस्तार नै हो भन्ने बुझिएको छ । गाउँका पहाडहरु हेर्नुस्, कोपरिएका छन्, चिथोरिएका छन् । हरियो हुनुपर्ने पहाडबाट हरियो सकियो भने रहने केही रहन्न । सडकहरु मान्छेको विपत्ति, व्यस्तता र आँशु लुट्न थापिएका पसलहरु जस्ता बनेका छन् । पसल थाप्ने गाडी मालिकहरु यहींयतै रोडको संगतबाट करोडको संगत गर्न थाल्छन् । गाउँ त यस्तैमा सकिएको छ । विद्यालयको फि, स्वास्थ्यचौकीको औषधी, यातायातको लुट, कार्यालयको खर्च, भट्टीको मदिरा, चौतारीको तास यस्तैयस्तैमा । बोल्नेहरु त बोलिदिन्छन्, गाउँमा सिंहदरबारहरु आइपुगेका छन् । दरबारहरु कता छुटे थाहा छैन । छुट्नुले राम्रै भयो । तर सिंहहरु भने आइपुगेका छन् । म लेख्दिन सक्थे, 'जनप्रतिनिधी' । यो शब्दको गरिमा घटाउन मन लागेन । राजनीतिको अर्को नाम समाजसेवा । यी सबै परिभाषा लेखिएका हाम्रा मगजका किताबहरुमा धमिरा लागेकाछन् । गाउँमा टाठाबाठा मान्छेहरु छन् । उनीहरु आफ्नो भूमिका बुझ्दछन्, टाठोबाठो हुनुको अर्थ सोंझासिधा मान्छेहरुमाथि शोंषण गर्नु हो, लुट्नु हो । पहिलो पटक हाँसेर हुन्छ, दोस्रो पटक लुकेर हुन्छ । टाठाबाठा भनिनेहरु नै हुन्, गाउँका सिंहहरु । जो गाउँकालागि सबै भन्दा खतरा बनेका छन् । यी सहरहरुका लागि सबैभन्दा खतरा बनेका छन् ।

को छैन यहाँ आफ्नो गाउँ उज्यालो देख्न चाहने ?हामी हाम्रो भबिष्य आफ्नै पैतालाले कुल्चेर हिड्नु परेता पनि को छैनौ हामी हाम्रा सन्तानहरुको भबिष्य उज्यालो होस् भन्ने ? यो दुःख, यो बेपर्वाह, यो लुट, यो झुट देखिरहेका हामीहरु सधैं अघिल्लो पुस्तालाई गाली गर्छौं । तर हामी यो भन्न तयार छैनौ कि यो देश, गाउँ बन्नमा मेरो पनि भूमिका हुनुपर्छ । अर्को पुस्ताको सुन्दर भविष्य हाम्रो हातमा छ भन्नेमा हामी विश्वस्त छैनौ । हरेक निर्णायक घडिमा हामी एक गिलास र दुई चौटा मासुमा बिकिदिन्छौ । कि बिकिसकेपछि हामी हाम्रो नै रहँदैनौ त हामीलाई किनेको मान्छे हाम्रो कसरी रहन्छ ? गाउँमा पार्क बनाउन बीस बर्ष लाग्दैन ।

रुखहरु छन्, फूलहरु आफै फुलेका छन् । यसो दुईचार कुर्सी र बेन्चहरु राख्दिए पुग्छ । गाउँमा माछा पाल्न पोखरी खन्नै पर्दैन । नदीहरु छन् । नदीहरुलाई लुटबाट बचाएर व्यवस्थित व्यवसाय बनाउन जरुरी छ ।माछादेखि ढुंगा र बालुवा पनि बिक्छन् । गाउँमा फलफुलहरु आफै फुल्छन्, फल्छन् । बस्, ढुंगा हिर्काउने र डोंजर चलाउनेहरुको आँखाहरु छलाउन सके पुग्छ । गाउँ आफैमा हरियो छ । कसैले केही नथपे पनि प्रकृति बाँच्छ । प्रकृतिको हरियो अस्तित्व बाँच्छ । बस्, हरेक बहानामा रुखका घाँटीहरु नचुँडालिदिए पुग्छ । डाँडाडाँडामा रहेका दुईचार घरहरु सबैलाई बत्ति, शिक्षा, बाटो, पुराउनुभन्दा ती दुईचार घरहरुलाई बत्ति, बाटो, शिक्षा भएका ठाउँहरुमा पुराउन जाती हुन्छ ।

गाउँमा होटलहरुको नाममा अग्ला बिल्डिङहरु थप्नु भन्दा होमस्टेइ सञ्चालन गर्दा गाउँको अस्तित्वमा दाग लाग्दैन । स्वास्थ्यचौकीमा ओषधीभन्दा मानवता, स्कूलहरुमा सफल बन्न भन्दा असल बन्नुको प्रेरणा, र हरेक कार्यालयहरुमा दामभन्दा काममा महत्व दिए सबैथोक बदलिन्छ । के गाउँहरु 'स्मार्ट' बन्न यत्ति काफी छैन र ? गाउँहरुलाई सहर बनाउनु 'स्मार्ट' बनाउनु होइन । गाउँहरुलाई 'गाउँ' रहिरहँन दिनु नै स्मार्ट बनाउनु हो । बस्, हामीले त सुनमा सुगन्ध मात्रै छर्नुछ ।

*-साहित्यघर डटकम*

# भत्किएको कोठामा कार्यालय प्रमुख



**तुलसीपुर (दाङ),** कार्तिक ९/जिल्लाको बेलभुण्डीमा अन्तर्राष्ट्रियस्तरको फुटबल रङ्गशाला छ । सोही ठाउँमा एथ्लेटिक्सको सिन्थेटिक ट्रयाक छ । त्यही गौरवको उक्त रङ्गशाला संरक्षण गर्ने जिम्मा-दाङ जिल्ला खेलकुद विकास समिति हो । तर, त्यही समितिका कार्यालय प्रमुख बस्ने कोठा सुरक्षित छैन ।

सोही रङ्गशालासँगै निर्माण भएको नयाँ भवन अस्तव्यस्त छ । छतमा राखिएको जिप्सन पूरै भाँचिएको छ । गत जेठमा आएको हुरीबतासले पूरै जिप्सन उप्किए पनि त्यसको मर्मत हुनसकेको छैन । 'हामीले मर्मतका लागि पटकपटक सम्बन्धित निकायमा भनेका छौं', कार्यालय प्रमुख शान्ति सोमैले भनिन्, 'तर सुनुवाइ भएको छैन ।' कतिबेला माथिबाट सबै खसेर चोट लाग्ने भन्ने डरैडरमा बस्ने गरेको प्रमुख सोमैले दुखेसो पोखे । विसं २०७६ मा उक्त भवन निर्माण भएको हो । दुईवटा कोठामा त्यस्तो समस्या देखिएको प्रमुख सोमैले बताइन् ।


**रङ्गशालामा उम्रियो घाँस**

त्यस्तै यहाँको फुटबल रङ्गशालामा पनि घाँस उम्रिएको छ । त्यहाँ उम्रिएको घाँस काट्ने औजार छैन । घाँस काट्नका लागि सेनालाई गुहार्नुपर्छ । केही महिनाअघि घाँस काटेको भए अहिले पुन: पलाएर ठूलो-ठूलो भएको छ ।

त्यो मेसिन खरिदका लागि पनि पटकपटक माग गरेको भए पनि प्राप्त हुन नसकेको कार्यालय प्रमुख सोमैले बताइन् । त्यसले गर्दा पनि यसरी घाँस उम्रिने गरेको उनले बताइन् । अन्तराष्ट्रियस्तरको उक्त रङ्गशालामा अठौं राष्ट्रिय फुटबल तथा एथ्लेटिक्स प्रतियोगिता भएका थिए । २४ करोड २४ लाख लागतमा रङ्गशाला निर्माण भएको हो । दिवा एवं प्रतिष्ठा जेभीले भिआइपी प्यारापिटसहित रङ्गशाला निर्माण गरेको हो । रङ्गशालामा भिआइपी प्यारापिट, बाथरुम, बिजुली र रङरोगनसमेत गरिएको छ । रङ्गशालामा फुटबल मैदानका साथै सेन्थेटिक ट्रयाक पनि निर्माण गरिएको छ ।

जुन मोफसलमा पहिलो हो । त्यहाँ भिआइपी प्यारापिटभित्र खेलाडीका लागि चेञ्जिङ रुम, अफिस, कन्फ्रेन्स हल, रेफ्रीका लागि छुट्टै कोठा निर्माण गरिएको छ । रङ्गशालाको पश्चिमतर्फ निर्माण गरिएको भिआइपी प्यारापिटमा चार सय १२ सिट छन् । रङ्गशालाको पूर्वी भागमा दर्शकका लागि साधारण प्यारापिट निर्माण गरिएको छ । भिआइपी प्यारापिटका लागि आवश्यक धातु तथा दर्शक बस्ने सिट मलेसियाबाट ल्याइएको हो । रङ्गशालामा प्रयोग गरिएका तारबारसमेत विदेशबाटै ल्याइएको हो । फिफा मापदण्डअनुसार निर्माण गरिएको फुटबल मैदानमा 'बरमुडा' दुबो रोपिएको छ । यो दुबो भारतको कोलकताबाट ल्याएर रोपिएको थियो । **-रासस**

# पाल्पा, गुल्मीसहित १७ जिल्लाका सीडीओ फेरिए



**पाल्पा,** कार्तिक ९/गृह मन्त्रालयले १७ जिल्लाका प्रमुख जिल्ला अधिकारी (सीडीओ) सहित २७ जना सहसचिव र उपसचिवको सरूवा गरेको छ । गृहले पाल्पा, गुल्मी, रूपन्देही, पर्सा, महोत्तरी, सप्तरी, भक्तपुर र ललितपुरसहितका जिल्लामा प्रमुख जिल्ला अधिकारीहरू हेरफेर गरेको हो ।

जसअनुसार पाल्पाका प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लेलाई गृहमन्त्रालयमा खटाइएको छ भने गृहमन्त्रालयबाट तोय नारायण सुवेदीलाई पाल्पाको प्रमुख जिल्ला अधिकारीका रुपमा तोकिएको छ । यस्तै मन्त्रालयले गुल्मीका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्मालाई जिल्ला प्रशासन कार्यालय पाँचथर कामकाज:कसुरजन्य सम्पति व्यवस्थापन विभागमा सहायक प्रमुख जिल्ला अधिकारीको रुपमा खटाएको छ । गुल्मीमा उनको ठाउँमा तनहुँका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमलाई तोकेको छ । यस्तै गृहमन्त्रालयबाट बासुदेव घिमिरेलाई रूपन्देही खटाइएको छ भने रुपन्देहीका गणेश अर्याल पर्साको प्रमुख जिल्ला अधिकारीका रुपमा खटिएका छन् । यस्तै लालबाबु कवारीलाई महोत्तरीको प्रमुख जिल्ला अधिकारी तोकेको छ । गृहले भोला दाहाललाई सप्तरी, गोपाल प्रसाद अर्याललाई भक्तपुर र रमेश ढकाललाई ललितपुरको प्रमुख जिल्ला अधिकारी तोकेको छ ।

त्यस्तै, दोलखामा शिवराम गोलाल, धनकुटामा टुवराज पोखरेल, गोरखामा पुण्य बिक्रम पौडेल, तनहुँमा श्यामकृष्ण थापाको सरूवा गरिएको छ । दिनशेसागर भुसाललाई पर्साबाट भैरहवा विमानस्थलको अध्यागमन कार्यालयमा पठाइएको छ । भक्तपुर र ललितपुरमा पनि सीडीओ फेरिएका छन् । भक्तपुरकी सीडीओ रोशनीकुमारी श्रेष्ठलाई राष्ट्रिय विपद जोखिम न्युनीकरण प्राधिकरणका सरुवा गरिएको छ । ललितपुरका सीडीओ तुल्सीबहादुर श्रेष्ठलाई गृह मन्त्रालयमा खटाइएको छ ।

खेलकुद समाचार

## जोन्टी रोड्स पोखरा एभेन्जर्समा आबद्ध



**काठमाडौं,** कार्तिक ९/विश्व क्रिकेटमा उत्कृष्ट फिल्डरको पहिचान बनाएका दक्षिण अफ्रिकाका दिग्गज खेलाडी जोन्टी रोड्स नेपाल प्रिमियर लिग (एनपीएल) को टोली पोखरा एभेन्जर्समा तीन वर्षको सम्झौतासहित आबद्ध भएका छन् ।

जोन्टी रोड्सलाई परामर्शदाता र सल्लाहकारका रूपमा नियुक्त गरेको पोखरा एभेन्जर्सले जनाएको छ । जोन्टीलाई आृनो टोलीमा पाउँदा निकै उत्साहित भएको र उनको अनुभवले युवा खेलाडीको क्षमता वृद्धि गर्न सहयोग पुऱ्याउने पोखरा एभेन्जर्सका सञ्चालक मनोबल श्रेष्ठले बताएका छन् । दक्षिण अफ्रिकाका पूर्वक्रिकेटर जोन्टी रोड्सले इन्डियन प्रिमियर लिग (आईपीएल) को टोली मुम्बई इन्डियन्ससँग काम गरिसकेका छन् भने अहिले लखनउ सुपर जायन्ट्समा आबद्ध छन् । पोखरा एभेन्जर्सको मेन्टरका रूपमा नियुक्त भएपछि उनले टिमलाई बलियो बनाउन प्रयास गर्ने बताए । पोखराले चार विदेशी खेलाडीको कोटामा तीन जनालाई अनुबन्ध गरिसकेको छ । पोखराले विदेशी खेलाडीका रूपमा अमेरिकाका आन्द्रेस गौस, नेदरल्यान्ड्सका बास डे लीड र वेस्ट इन्डिजका एन्डसन फिलिपलाई भित्र्याएको हो ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## ग्लोबल र आईसीआईसीआई बैंक बीच सम्झौता

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
The Bank For All

**पाल्पा,** कार्तिक ९/ग्लोबल आइएमई बैंक र आईसीआईसीआई बैंक क्यानाडाबीच सम्झौता भएको छ । नेपालबाट अध्ययनका लागि क्यानाडा जाने विद्यार्थी, स्थायीरुपमा क्यानाडा बसाई सरी जाने आप्रवासी, तथा फेडरल स्किल्ड वर्करले आईसीआईसीआई बैंकको विभिन्न बैंकिङ सेवा उपभोग गर्न तथा क्यानाडाबाट नेपालमा रेमिट्यान्स पठाउन/प्राप्त गर्न सहज गराउने उद्देश्यले सम्झौता भएको हो ।

सो सम्झौतामा ग्लोबल आइएमईका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र आईसीआईसीआई बैंकका व्यवसाय प्रमुख हिमादर मडीपत्लाले हस्ताक्षर गरेका हुन् । आईसीआईसीआई बैंक क्यानाडामा भारतको निजी क्षेत्रको अग्रणी बैंक आईसीआईसीआई बैंकको पूर्ण स्वामित्व रहेको सहायक कम्पनी हो । आईसीआईसीआई बैंक क्यानाडाले क्यानाडा बैंकिङ ऐनअन्तर्गत त्यहाँका धेरैजसो राज्य र क्षेत्रहरूमा प्रत्यक्ष सेवा प्रदायकका रूपमा कारोबार गर्दै आएको छ । ग्लोबल आइएमई बैंक, सबैका लागि बैंकिङ सेवा प्रदान गर्ने बैंक हो । आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले विभिन्न किसिमका समयसान्दर्भिक योजनाहरु ल्याएर ग्राहकहरुलाई लावान्भित गर्दै आएको छ ।

बैंकले देशका ७७ वटै जिल्लामा शाखामार्फ सेवा प्रदान गर्दै आएको छ । यो निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३ सय ५४ शाखा कार्यालय, ३ सय ८४ एटिएम, २ सय ५५ शाखारहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १ हजार भन्दा बढि सेवा केन्द्र रहेका छन् । जसले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना समस्त ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ । यो युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई